उच्च अदालत तुलसीपुर
नेपालगञ्ज इजलास
२०७३

# उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट जारी भएको

## नष्ट भएका मिसिलका कागजात उपलब्ध गराउने सम्बन्धी सूचना

### मिति २०८२।०७।२३

### ने.सं. ११४६ कछलागा ४, आइतवार

मिति २०८२।०५।२४ मा भएको आगजनी, ढुङ्गामुडा, तोडफोड र लुटपाटसमेका कारणबाट यस अदालतमा चालु अवस्थामा रहेका र फैसला भई पूर्णपाठ तयार गर्न बाँकी रहेका मुद्दाका मिसिलहरु जलेर पूर्ण रुपमा नष्ट भएको हुँदा उक्त मुद्दाका मिसिलहरु प्राप्ति र प्रमाणीकरण गरी कानूनबमोजिम कारवाही र सुनुवाई प्रक्रिया अगाडि बढाउनुपर्ने भएकोले नष्ट भएका मुद्दाका मिसिलसँग सम्बन्धित कागजातहरु मिति २०८२।०८।०१ गते देखि ६० (साठी) दिनभित्र उपलब्ध गराई सहयोग गरी दिनुहुनका लागि मुद्दाका पक्षहरु, निजहरुले मुकरर गरेका कानून व्यवसायीहरु, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज, नेपालगञ्ज उच्च अदालत वार एशोसिएशन र अन्य सम्बद्ध सरोकारवाला निकायहरुमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५ बमोजिम अनुरोध गरिन्छ।

उच्च अदालत तुलसीपुर
नेपालगञ्ज इजलास

२०८२।७।२३

# उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट जारी भएको

## थप सेवा प्रवाह सम्बन्धी सूचना

### मिति २०८२।०७।२३

### ने.सं. ११४६ कछलागा ४, आइतवार

मिति २०८२।०५।२४ मा भएको आगजनी, ढुङ्गामुडा, तोडफोड र लुटपाटसमेका कारणबाट यस अदालतको अधिकांश भौतिक संरचना, इजलासहरु, चालु मुद्दा तथा सूचना प्रणाली समेतमा क्षति पुगेको कारण यस अदालतको पूर्व सूचनाअनुसार सबै प्रकारका रिट निवेदनहरु, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन दर्ता र सुनुवाई, रजिष्ट्रारका आदेश उपरको निवेदन र चालु मुद्दा तथा रिट निवेदनहरु मध्ये मिसिल सावुत रहेकाको हकमा फिर्ता तथा मिलापत्र समेतका काम कारवाहीहरु, सबै प्रकारका पुनरावेदन दर्ता गर्ने, मलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन, फैसला संशोधन सम्बन्धी निवेदन, रोक्का फुकुवा सम्बन्धी निवेदन लगायत बिभिन्न प्रकारका फुटकर निवेदन दर्ता र सुनुवाई गर्दै आएकोमा मिति २०८२।०७।२३ गते बसेको पूर्ण बैठकको निर्णयानुसार मिति २०८२।०८।०१ देखि सबै प्रकारका मुद्दा तथा निवेदनहरु नियमित रुपमा दर्ता एवम् सुनुवाई हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट जारी भएको

## हदम्याद, म्याद र तारेखसम्बन्धी सूचना

## मिति २०८२।०७।२३

## ने.सं. ११४६ कछलागा ४, आइतवार

मिति २०८२।०५।२४ मा भएको आगजनी, ढुङ्गामुडा, तोडफोड र लुटपाटसमेका कारणबाट यस अदालतको अधिकांश भौतिक संरचना, इजलासहरु, चालु मुद्दा तथा सूचना प्रणाली समेतमा क्षति पुगेको कारण यस अदालतको पूर्व सूचनाअनुसार सबै प्रकारका रिट निवेदनहरु, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन दर्ता र सुनुवाई, रजिष्ट्रारका आदेश उपरको निवेदन र चालु मुद्दा तथा रिट निवेदनहरु मध्ये मिसिल सावुत रहेकाको हकमा फिर्ता तथा मिलापत्र समेतका काम कारवाहीहरु, सबै प्रकारका पुनरावेदन दर्ता गर्ने, मलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन, फैसला संशोधन सम्बन्धी निवेदन, रोक्का फुकुवा सम्बन्धी निवेदन लगायत बिभिन्न प्रकारका फुटकर निवेदन दर्ता र सुनुवाई गर्दै आएकोमा मिति २०८२।०७।२३ गते बसेको पूर्ण बैठकको निर्णयानुसार मिति २०८२।०८।०१ देखि सबै प्रकारका मुद्दा तथा निवेदनहरु नियमित रुपमा दर्ता एवम् सुनुवाई लगायतका अन्य सम्पूर्ण सेवाहरु पूर्ववत् रुपमा सुचारु हुने भएको हुँदा मिति २०८२।०५।२४ देखि २०८२।०७।३० सम्मको अवधिलाई सम्मानित सर्वोच्च अदालतको ०७६-RE-०३९२ मा भएको आदेशसमेतका आधारमा हदम्याद, म्याद र तारेखको अवधिको रुपमा गणना नगरिने र मिति २०८२।०८।०१ देखि ३० दिनसम्म हदम्याद, म्याद र तारेख थाम्न सकिने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।